bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

**विशेषज्ञ चिकित्सकहरूबाट स्वास्थ्य परीक्षण सम्बन्धी सूचना**

१) **डा. जय बहादुर खत्री** : (नशा, मानसिक, छारेरोग तथा लागु औषध विशेषज्ञ (हरेक महिनाको दोस्रो शनिबार)
२) **डा. भोजराज अधिकारी** : (हाड जोर्नी, नशा रोग विशेषज्ञ (हरेक महिनाको दोस्रो र चौथो शनिबार)
३) **डा. हेमन्त मानन्धर** : (हाड जोर्नी तथा नशा रोग विशेषज्ञ : हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
४) **डा. अजय कुमार** : (छाला, यौन रोग तथा कुष्टरोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
५) **डा. दिपक राज काफ्ले** : (प्रसुति तथा स्त्रीरोग विशेषज्ञ (हरेक महिनाको पहिलो, दोस्रो र तेस्रो शनिबार)
६) **डा. सुरज बराल** : (पेट, छाती तथा मुटु रोग विशेषज्ञ (हरेक महिनाको पहिलो र तेस्रो शनिबार)
७) **डा. नारायण ओझा** (TU, DGO (NAMS) : (हरेक महिनाको चौथो शनिबार र दोस्रो बुधबार)
८) **डा. कृष्णचन्द्र रिजाल** : नाक, कान, घाँटी रोग विशेषज्ञ (हरेक महिनाको तेस्रो शनिबार)
९) **भविष्ठ श्रेष्ठ** : (नवजात शिशु तथा बाल रोग विशेषज्ञ (हरेक बुधबार र पहिलो, दोस्रो, चौथो शनिबार)
१०) **डा. बसन्तजंग दाहाल** : (हरेक दिन)

हरेक शनिबार आँखा साथै हरेका दिन दाँत जाँच गरिन्छ

**हाम्रा सेवाहरू** : दैनिक विरामी परिक्षण, ल्याव परिक्षण, एक्स-रे, इसी.जी. प्लास्टर, माइनर अप्रेशन, हरेक शनिबार रेडियोजोजिस्टद्वारा भिडियो एक्सरे साथै अनभवि स्वास्थ्यकर्मीबाट स्वास्थ्य परिक्षण ।

MOTI HEALTH CLINIC
Dumre Bazar, Tanahun. Ph. 065-580170, 580287

वर्ष ४१ अंक २२९ | २०७८ पुस १८ गते आइतबार, नेपाल सम्वत् ११४२ January 02, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# तनहुँका पर्यटकीय क्षेत्र आन्तरिक पर्यटकले भरिभराउ

## नयाँ वर्ष मनाउन बन्दिपुरमा आठ हजार पर्यटक आए

**भञ्ज्याङ समाचारदाता/दमौली**

अंग्रेजी नयाँ वर्ष २०२२ का अवसरमा तनहुँका पर्यटकीय क्षेत्रहरू आन्तरिक पर्यटकले भरिभराउ भएका छन् । जिल्लाको बन्दिपुर, टुटेपानी, दमौली लगायतका ग्रामीण पर्यटकीय गन्तव्यहरूमा नयाँ वर्ष मनाउनका लागि आन्तरिक पर्यटकहरू पुगेका छन् । जिल्लामा नयाँ वर्षलाई लक्षित गरी विविध संस्कृतिक कार्यक्रम तथा सडक खाना महोत्सव समेत आयोजना गरिएका कारण यहाँका पर्यटकीय क्षेत्रमा पर्यटकहरूको संख्या बढेको हो । अंग्रेजी नयाँ वर्षको अवसरमा पहाडकी रानी उपनामले परिचित बन्दिपुरमा सांस्कृतिक तथा सडक खाना महोत्सव आयोजना गरिएको थियो । बन्दिपुर बजारको सडकमा पर्यटकलाई खुल्ला आकाशमुनि बसेर स्थानीय उत्पादन खुवाउँदै मनोरञ्जन लिनका लागि सडक खाना महोत्सव आयोजना गरिएको क्षेत्रीय होटल संघ बन्दिपुर बजार इकाईका अध्यक्ष विपिन प्रधानले बताए ।

तनहुँको पर्यटकीय नगरी बन्दिपुरमा शुक्रबार र शनिबार आठ हजार पर्यटकले बन्दीपुरको भ्रमण गरेका छन्। दुई दिने खाना महोत्सवमा आठ हजार बढी पर्यटकहरू सहभागि भएका अध्यक्ष प्रधानले बताए। 'नयाँ वर्षको अवसरमा बन्दिपुरमा आन्तरिक पर्यटक खचाखच भरिए', उनले भने, 'विदेशी पर्यटक पाँच/छ जनामात्रै देखिए, बाँकी सबै आन्तरिक पर्यटकले बन्दीपुर भरिभराउ भयो ।'

नयाँ वर्षका कारण दुईतीन दिनदेखि नै बन्दिपुरका होमस्टे तथा होटल बुकिङ भएका थिए । कोरोनाले सिथिल बनेको बन्दिपुरको पर्यटकीय गतिविधि अंग्रेजी नयाँ वर्षको आगमनसंगै चहलपहल बढेको बन्दिपुर सामुदायिक होमस्टेका संस्थापन अध्यक्ष राजु बानियाँले बताए। उनले भने, 'पछिल्लो समयमा होमस्टेमा पनि पहुँनाको संख्या बढेको छ । कोरोना संक्रमण जोखिम रहेपनि आवश्यक सावधानी अप्नाएर पाहुँनालाई स्वागत् तथा विदाई गरेका छौं ।'

कोरोना संक्रमणका कारण जिल्लाका होमस्टेहरू करिव दुई वर्ष बन्द हुन पुगेका थिए । पछिल्लो समय कोरोना विरूद्धको खोप सहज बन्दै गएको र संक्रमणदर पनि कम हुँदै गएका कारण जिल्लाका पर्यटकीय गन्तव्यहरूमा अन्तरिक पर्यटकहरूको चहलपहल बढ्दै गएको छ । 'कोरोनाका कारण थला परेका होमस्टेहरू पनि अहिले विस्तारै लयमा फर्किएका छन्', बानियाँले भने, 'लामो समयसम्म बन्द भएको यस होमस्टेमा अहिले दैनिक जसो पाहुँना टुटेका छैनन्। हामी उत्साहित छौं ।'

सडक खाना महोत्सवमा विशेषगरी नेवार, गुरूङ र मगर


अंग्रेजी नयाँ वर्ष मनाउन तनहुँको पर्यटकीय नगरी बन्दिपुर पुगेका आन्तरिक पर्यटकहरू । *तस्विर : भञ्ज्याङ*

*बाँकी अन्तिम पेजमा*

# पार्टीमा रूपान्तरण ल्याउन सकिएन : नेता पौडेल

**भञ्ज्याङ समाचारदाता/दमौली**

नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले पार्टीमा रूपान्तरण ल्याउन नसकिएको बताएका छन् । नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर २ को शनिबार खैरेनीटारमा आयोजित पदस्थापन कार्यक्रममा वरिष्ठ नेता पौडेलले पार्टीमा नयाँ रूपान्तरण ल्याउने अभियानमा लागे पनि अन्तिममा आएर उक्त प्रयास पूरा हुन नसकेको बताए । उनले भने, 'पार्टीमा नयाँ रूपान्तरण ल्याउनुपर्छ भनेर धेरै प्रयास गर्‍यौं तर केही साथीहरूका व्यक्तिगत आकांक्षाका कारण पूरा हुन सकेन ।' '१४औं महाधिवेशनले आफूले उठाएका रूपान्तरणको प्रश्नको उत्तर दिनुपर्छ', उनले भने, 'सबै साथीहरु उठ्छौं भनेपछि म प्रतिस्पर्धाबाट अलग रहे, उहाँहरूकै अनुरोधमा म प्रतिस्पर्धामा गइन । १४औं महाधिवेशनले मैले उठाएको प्रश्नको उत्तर आएको छैन।'

कांग्रेस जनताको बीचमा अपमानित भएको गुनासो गर्दै उनले पार्टीलाई सम्मानित बनाउनु आजको आवश्यकता रहेको तर्क गरे । देशको संसद्ले गति लिन नसकेको बताउँदै उनले जनताको जल्दाबल्दा समस्यामा सदनमा छलफल हुन नसकेको धारणा राखेको थिए । सदनलाई व्यवस्थित र प्रभावकारी बनाउन पहल गर्नुपर्नेमा पौडेलले जोड दिए। मिलेनियम च्यालेन्ज कर्पोरेसन्स एमसीसी पारित गर्नुपर्ने बताउँदै नेता पौडेलले एमसीसी राष्ट्रघाती भएको भन्दै भ्रममा पार्न खोजिएको जिकिर गरे । कार्यक्रममा तनहुँ क्षेत्र नम्बर २ का सभापति चुडामणि खनालले पदस्थापन गरेका थिए।



# देशका निम्ति काम गर्ने प्रण गरेका छौं : अध्यक्ष नेपाल

**भञ्ज्याङ समाचारदाता/भानु**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले देशका निम्ति इमान्दारितापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । तनहुँको भानु नगरपालिका-३ स्थित बौद्ध हिमाल तामाङ गुम्बाले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले एकीकृत समाजवादी पार्टी गठनसँगै युवा, महिला, आदिवासी, जनजाति उत्साहित भएको दाबी गरे।

"इमान्दारिता र जनताप्रति समर्पणको भावनाबाट ओतप्रोत भएको पार्टी जन्मिदा सबै उत्साहित भएका छन्", पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले भने, "हाम्रो पार्टी नेपालको राजनीतिमा तारा जस्तै चम्किन्छ ।" अध्यक्ष नेपालले गोरखा, लमजुङ र




*बाँकी तेश्रो पेजमा*

# लम्बियो माओवादी महाधिवेशन

**रासस/काठमाडौं**

केन्द्रीय समितिको निर्वाचनका लागि सबै प्रक्रिया अगाडि बढाएको नेकपा (माओवादी केन्द्र)को बन्दसत्रको कार्यक्रम आइतबार मध्याह्न एक बजेसम्मका लागि स्थगन भएको छ। यससँगै माओवादीको महाविधेशन पुनः एक दिन लम्बिएको छ। अघिल्लो आइतबार उद्घाटन गरिएको महाधिवेशन सात दिनसम्म पनि जारी रहेको छ। शनिबार साँझ निर्वाचनको प्रक्रिया सुरू भए पनि सहमतिका आधारमा केन्द्रीय समिति चयन गर्ने भन्दे पुनः स्थगन गरिएको छ । आज साँझ मात्रै माओवादीको निर्वाचन आयोगले उम्मेदवारको मनोनयनलगायत निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो।

महाधिवेशनस्थल कमलादीमा शनिबार साँझको बन्दसत्रलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहमतिका आधारमा केन्द्रीय समिति चयनका लागि राम्रो गृहकार्य भएको र थप गृहकार्य गर्नुपर्ने भएकाले बन्दसत्र आइतबारसम्मका लागि स्थगन गर्ने प्रस्ताव गर्नुभयो । अध्यक्षले गर्नुभएको प्रस्तावलाई बन्दसत्रले स्वीकार गर्दै शनिबारको सबै प्रक्रिया आइतबारसम्मका लागि स्थगन गरिएको केन्द्रीय प्रचार




*बाँकी तेश्रो पेजमा*

ह्युम पाईप, विद्युत पोल, डेलिनेटर, कर्भस्टोन, कंक्रिट स्याल्प तथा विभिन्न कंक्रिटका सामानहरू चाहिएमा हामीलाई सम्झनुहोस्

प्रो. प्रदीप तिमिल्सिना/सुमन तिमिल्सिना
**बि.टि. प्रिकाष्ट कंक्रिट इण्डष्ट्रिज प्रा.लि.**
आँबुखैरेनी-१, सत्रसय फाँट तनहुँ ।
मो. ९८४५१५११७९, ९८५५०६३४१४, ९८४५२७६९६१
**न्यू चितवन ह्युम् पाइप उद्योग**
चितवन, नारायणगढ । मो. ९८५५०६७९०६

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily @bhanjyangdaily News/Media Website
Follow भञ्ज्याङ दैनिक @bhanjyangdaily
www.bhanjyangnews.com YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

# साहित्यानुरागीको मन लोभ्याउँदै अर्घौं अर्चले

*चर्को चक्र घुम्यो शनैः समयको टाढा भयो अर्चले ।*
*प्यारा साथी पनि क्रमैसित सबै संसारदेखि चले ॥*
*देख्दा यो सब तारतम्य विधिको धर्कन्छ छाती सब ।*
*त्यो जन्मस्थलमा कठै ! म कसरी कैले पुगूँला अब ?*

कवि शिरोमणि लेखनाथ पौड्यालले आफ्नो जीवनको उत्तरार्द्धमा जन्मस्थल अर्घौं अर्चले पनि आफूदेखि टाढा बनेको लगायत भावलाई समेटेर लेख्नुभएको कविताको एक पंक्ति हो यो । आधुनिक परिष्कारवादी धाराका माध्यमबाट नेपाली साहित्यलाई आधुनिकतामा प्रवेश गराएका कवि शिरोमणिको जन्मस्थल अर्चले पछिल्लो समयमा साहित्यानुरागीका लागि भने आकर्षक गन्तव्यका स्रूपमा विकास हुँदै गएको छ । कवि शिरोमणिको जन्मस्थल अर्घौं अर्चलेलाई साहित्यिक पर्यटकीय गन्तव्यका स्रूपमा विकास गर्ने सोचका साथ कवि शिरोमणि लेखनाथ जन्मस्थल विकास समिति गठन भएसँगै सो समितिको पहलमा पछिल्ला वर्षमा गरिएको कवि शिरोमणिको जन्मघरको संरक्षणका साथै संग्रहालय, तरूण तपसी पार्क निर्माणलगायतका कामले देशविदेशका साहित्यिक मनलाई आकर्षित गरेको छ ।

कवि शिरोमणिको जन्मस्थल अर्घौं अर्चलेको विकासका लागि अल्पकालीन र दीर्घकालीन योजनाका साथ काम अघि बढिरहेको समितिका अध्यक्ष विश्वप्रकाश लामिछानेले बताउनुभयो । अर्घौं अर्चले कवि शिरोमणिको जन्मस्थल भएर पनि विसं २०३६ अघिसम्म उहाँको जन्मजयन्ती अन्यत्र नै मनाउने गरिएको वास्तविकतामा त्यस यता भने अर्चलेमा नै जन्मजयन्ती मनाउने गरिएको वरिष्ठ पत्रकार एवं आदर्श समाज राष्ट्रिय दैनिकका प्रधानसम्पादक कृष्णप्रसाद बाँस्तोलाले बताउनुभयो ।

विसं २०३६ मा पहिलोपटक तत्कालीन युवा साहित्य सदन पोखराले अर्घौं अर्चलेमा नै आएर जन्मजयन्ती मनाएको स्मरण गर्दै उहाँले त्यसयता भने बर्सेनि पुस १५ गते अर्चलेमा नै जन्मजयन्ती मनाउने गरिएको जानकारी दिनुभयो । 'विसं २०५३ मा लेखनाथ नगरपालिका गठन भएसँगै लेखनाथ क्षेत्रमा साहित्यिक गतिविधि विकास गर्ने लक्ष्यका साथ गठित लेखनाथ साहित्य प्रतिष्ठानले विसं २०५७ मा उहाँको अर्चलेस्थित जन्मघरको जीर्णोद्धार गरेको थियो', प्रतिष्ठानका पूर्वअध्यक्ष रहनुभएका बाँस्तोलाले भन्नुभयो, 'प्रतिष्ठानको सक्रियतासँगै २०६८ सालमा गठित कवि शिरोमणि लेखनाथ जन्मस्थल विकास समितिले पछिल्ला वर्षमा समग्र अर्घौं अर्चलेलाई नै साहित्यिक पर्यटनको गन्तव्यका स्रूपमा विकास गर्न सक्रिय बनेको छ ।'

कवि शिरोमणिको जन्मस्थलमा जन्मजयन्ती लगायतका कार्यक्रमका साथै साहित्यिक गतिविधि पनि बढ्न थालेसँगै पछिल्ला समयमा यो साहित्यिक पर्यटनको गन्तव्यका स्रूपमा विकास हुन थालेको स्थानीयवासी एवं कवि शिरोमणि लेखनाथ प्राथमिक विद्यालय, अर्चलेका पूर्वअध्यक्ष दशरथ लामिछानेले बताउनुभयो ।

विसं २०३६ पछिका केही वर्षमा कवि शिरोमणि लेखनाथ प्राविमा नै जन्मोत्सवका कार्यक्रम हुने गरेकोमा पछिल्ला वर्षमा जन्मस्थलमा पुगी कार्यक्रमहरु गर्ने गरिएको उहाँले जानकारी दिनुभयो । कवि शिरोमणि आधुनिक नेपाली साहित्यका सबैका गुरू

**वासुदेव पौडेल**

रहनुभएको बताउनुहुने साहित्यकार सरूभक्त उहाँको जन्मस्थललाई साहित्यिक पर्यटनको गन्तव्यका स्रूपमा विकास गरिनुपर्ने बताउनुहुन्छ । कवि शिरोमणिको जन्मस्थललाई संरक्षणका लागि जन्मस्थल विकास समितिलगायतका सङ्घसंस्थाले देखाएको सक्रियता प्रशंसनीय भएको बताउँदै उहाँले यसले समग्र अर्घौं अर्चलेको विकास बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कवि शिरोमणि लेखनाथ जन्मस्थल विकास समितिका अध्यक्ष लामिछानेका अनुसार पछिल्लो समयमा कवि शिरोमणिको जन्मघरलाई पुरानै स्वस्रूपमा निर्माण गरिएको छ । कवि शिरोमणिको बाल्यकालदेखि मृत्युसम्म प्रयोग भएका सामग्री र त्यस समयका रहनसहन र रीतिरिवाज झल्कने चलनचल्तीका सामग्री राखी संग्रहालय निर्माण गरिएको उहाँले बताउनुभयो। कवि शिरोमणिको जन्मस्थलमा गएर कविता रच्ने वा अन्य साहित्य सिर्जना गर्नेका लागि जन्मघर वरपर प्रतीक्षा लयलगायत संरचना तथा पार्क निर्माणकार्य आदिलाई अघि बढाइएको छ।

कवि शिरोमणिका नामबाटै यहाँका विभिन्न संघसंस्थाको नाम रहेको बताउनुहुने लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय बृहत् पोखराका नाममा पोखरा महानगरभित्र लेखनाथ गाभिँदा कतै लेखनाथ जन्मस्थल र समग्र यो क्षेत्र ओझेलमा पर्ने त होइन भन्ने चिन्ता थपिएको बताउनुहुन्छ । अर्घौं अर्चलेलाई साहित्यिक पर्यटनको गन्तव्यका स्रूपमा विकास गर्नका लागि संघले आफ्ना तर्फबाट महत्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो । पृथ्वी राजमार्गको अर्घौं चोकस्थित कवि शिरोमणिको सालिकदेखि जन्मस्थल अर्घौं अर्चलेसम्म ठाउँठाउँमा उहाँले रचना गरेका उत्कृष्ट कविताका श्लोक मार्बलमा कुँदेर राखिएको छ । अर्घौं चोकबाट छिरेपछि उहाँका कविता वाचन गर्दै जन्मघर पुग्ने व्यवस्था समितिले मिलाएको छ । देशविदेशबाट आएका साहित्यिक मनहरु लेखनाथ चोकदेखि कविको जन्मस्थलसम्मका स्यानी चौर, ठूली पोखरी, तरूणतपसी पार्क, बतासे, बूढाचौर, गैरापोखरीलगायत मुख्य चोकमा उहाँका मर्मस्पर्शी कविता पढ्दै अर्चलेसम्म पुग्ने गरेका छन् ।

अर्घौं चोकदेखि कवि शिरोमणिको जन्मघरबीचको बाटोमा पर्ने लगभग पाँच रोपनी क्षेत्रफल समेटेर तरूणतपसी पार्क निर्माण गरिएको छ भने तरूणतपसी बहुउद्देश्यीय भवन निर्माण गरिएको छ । सात तालको बगैँचा शहर अवलोकन गर्न आउने स्वदेशी एवं विदेशी पर्यटकलाई एकपटक पुग्नैपर्ने स्थलका स्रूपमा कवि शिरोमणि संग्रहालयलाई विकास गर्दै साहित्यिक पर्यटनको महत्वपूर्ण आकर्षणका स्रूपमा अर्घौं अर्चलेलाई विकास गर्ने समितिको लक्ष्य छ । कवि शिरोमणिलाई पहिलोपटक कविता लेख्न प्रेरणा मिलेको दोपहरे पाखालाई कविकुञ्ज पार्क बनाउने योजना अघि सारिएको छ भने कवि शिरोमणिको जन्मस्थल अवलोकन गर्न आउने पर्यटकलाई लक्ष्य गरी उनीहरु बस्ने सुविधा सम्पन्न होटल निर्माण गर्ने सोच राखिएको छ ।

### कवि शिरोमणिको १३८औँ जन्मजयन्ती

यसैबीच कवि शिरोमणि लेखनाथ पौड्यालको १३८औँ जन्मजयन्ती उहाँको जन्मस्थल अर्घौं अर्चलेमा विभिन्न कार्यक्रमका साथ मनाइएको छ। जन्मजयन्तीका अवसरमा लेखनाथ साहित्य प्रतिष्ठानद्वारा प्रदान गरिने लेखनाथ साहित्य पुरस्कार २०७७ र २०७८ बाट साहित्यकारद्वय सरूभक्त र रमेश खकुरेललाई जनही रू ५० हजार तथा सम्मानपत्र प्रदान गरियो । लेखनाथ पत्रकार मञ्चद्वारा प्रदान गरिने रू ११ हजार १११ राशिको लेखनाथ पत्रकारिता पुरस्कार पत्रकार भीमपाणि बराललाई सम्मानित गरिएको थियो । उक्त अवसरमा कुन्तिदेवी छात्रवृत्ति, चन्द्रकान्त, मधुमाया, फणिन्द्रकुमारी ढकाल शिक्षा पुरस्कार पनि प्रदान गरिएको थियो । कार्यक्रममा कवि शिरोमणि लेखनाथ जन्मस्थल विकास समितिका अध्यक्ष लामिछाने, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, सम्मानित व्यक्तित्व साहित्यकार सरूभक्त, खकुरेल र बराल, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकाल लगायतले कवि शिरोमणि लेखनाथको साहित्यिक योगदान लगायतमा बोल्नुभएको थियो । रासस



कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मघरमा साहित्यानुरागीहरु । जन्मस्थल विकास समितिको सकृयतामा उहाँको जन्मघरलाई पुरानै स्वरूपमा निर्माण गर्नुका साथै उक्त परिसरमा कवि शिरोमणि सङ्ग्रहालय निर्माण गरिएको छ । *तस्विरः वासुदेव/रासस*

# स्वदेशमै भविष्य खोज्दै युवा

**कृष्ण दर्नाल**

तानसेन नगरपालिका–१० जमुनाखर्कमा रामबहादुर नेपाली रोजगारीका लागि मलेसिया गएका थिए । रोजगारी गरी दुई/चार पैसा कमाउला भनेर मलेसिया गएका उनलाई सधैं परिवारको चिन्ताले सताउन थाल्यो । चार वर्ष मलेसियामा बसेका उनलाई विदेश जाँदा पाँच प्रतिशत ब्याजदरमा लिएको ऋण तिर्नै ठिक्क भयो। विदेशी भूमिमा पाउनसम्मको दुःख पाएर फर्किएका उनले अहिले स्वदेशमै तरकारी खेती र भैंसीपालनमा आफ्नो भविष्य देख्न थालेका छन् । ऋण लिएर तरकारी खेती र भैंसीपालन गर्न थालेका नेपाली विदेशमा गर्ने दुःख नेपालमा गर्नसके दोब्बर पैसा कमाउन सकिने अनुभव सुनाउँछन् । "मैले दुःख के हो आँखा अगाडि देखिको छु । तरकारी खेती र भैंसीपालन गर्न थालेपछि मलाई पछाडि फर्केर हेर्नुपरेको छैन", नेपालीले भन्नुभयो, "यो काममा सन्तुष्ट हुँदा जे काम गरे पनि आफ्नै देशमा गर्नुपर्ने रहेछ भन्ने ज्ञान मलाई विदेशले सिकाएको छ।" अब आफ्नै देशमा केही गर्नुपर्छ भन्ने अठोटसहित तरकारी खेती र भैंसीपालन गर्न थालेको उनको भनाइ छ। "अब विदेश जाने मेरो कुनै सोच छैन । जे गरे पनि आफ्नै देशमा गर्ने हो", नेपालीले भन्नुभयो, "आफ्नै भूमिमा बसेर सानो भए पनि काम गर्न पाएकोमा खुसी छु ।" व्यावसायिकरूपमा तरकारी खेतीबाट लाखौं आम्दानी गरी घर खर्च तथा सन्तानलाई शिक्षादिक्षा गर्न सहज भएको उनको भनाइ छ ।

विदेशमा रहँदा परिवारको चासो मनभरी हुने र कहिले घर जाने होला भन्न चिन्ता रही काम गर्नुपर्ने बाध्यता थियो । परिवारसँगै बसी काम गर्न पाउँदा खुसी र परिवार तथा समाजको सम्मान पाएकाले काम गर्न थप हौसला मिलेको नेपालीको भनाइ छ । भैंसीको दूध घ्यू तथा तरकारीमा साग, सीमी, बोडी, केराउ तथा आलु बिक्रीबाट वार्षिक रू चार लाख आम्दानी हुने गरेको उनको भनाइ छ । यसले परिवारमा खुसी र सन्तृष्टि रहेको नेपालीको अनुभव छ । दुई वर्षअघि विदेशबाट फर्केर व्यावसायिक बाख्रापालन व्यवसाय गर्न थाल्नुभएका तानसेन

बाँकी तेश्रो पेजमा




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला । भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला । नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

# लम्बियो माओवादी .......

तथा प्रकाशन समितिले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

त्यसअघि शनिबारको बन्दसत्र अपराह्न १ बजेदेखि सुरु भएको थियो । बन्दसत्रमा स्थायी कमिटी सदस्य देवप्रसाद गुरूङले विधान मस्यौदामाथि समूहगत छलफलबाट आएका सुझाव र उठेका जिज्ञासामाथि जवाफ दिनुभएको थियो । उहाँले सुझाव समेटेर विधान परिमार्जन गर्ने र त्यसलाई आगामी केन्द्रीय समितिले अन्तिम रूप दिने जानकारी गराउनु भएपछि सर्वसहमतिले पारित गरेको थियो। नयाँ विधानअनुसार अब पार्टीको केन्द्रीय कमिटी ५० प्रतिशत खुला र ५० प्रतिशत पूर्ण समानुपातिक रहने व्यवस्था गरिएको छ । केन्द्रीय कमिटी २९९ सदस्यीय हुनेछ । यसअघि केन्द्रीय कमिटीले १० प्रतिशत मनोनित गर्ने भनिएकामा बढाएर १५ प्रतिशत बनाइएको छ। महाधिवेशनले केन्द्रीय कमिटी, केन्द्रीय कमिटीले पोलिटव्यूरो, स्थायी कमिटी र पदाधिकारी चयन गर्ने व्यवस्था गरिएको छ । पोलिटव्यूरो, स्थायी कमिटी र पदाधिकारी समावेशी सिद्धान्तका आधारमा चयन हुने प्रावधान राखिएको छ ।

गत आइतबार उद्घाटन गरिएको माओवादीको आठौँ महाधिवेशनमा सोमबार अध्यक्ष प्रचण्डले राजनीतिक प्रतिवेदन र नेता गुरूङले विधान प्रस्तुत गर्नुभएको थियो । मङ्गलबार र बुधबार अपराह्नसम्म समूहगत छलफल चलाइएको थियो । समूहगत छलफलका लागि विभिन्न २५ समूह बनाइएको थियो । बुधबार र बिहीबार समूहगत छलफलका क्रममा उठेका विषयवस्तुमाथि टोली नेताले धारणा राखेका थिए । एक जनाका लागि १५ मिनेटको समय निर्धारण गरिएको थियो । शुक्रबार अध्यक्ष प्रचण्डले समूहगत छलफलका क्रममा उठेका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो ।


## ढोरवाराही डेण्टल केयरको सुचना

बिगत १८ वर्षदेखि अनवरत रूपमा सेवा दिँदै आएको यस ढोरवाराही डेण्टल केयर सेन्टरमा **दाँत, मुख तथा गिजा** सम्बन्धी कुनै पनि समस्या भएमा सम्पर्क गर्नुहोला । हामी सेवामा हाजिर छौं ।



**अध्यक्ष/सञ्चालक : भरत पोखेल**

ESTD. 2062 **ढोरवाराही डेण्टल केयर सेन्टर**

व्यास-४, दमौली, तनहुं । सम्पर्क : ९८४६०६५१०२, ९८४६४७०४८०

पुनश्च : अफिस समय बिहान ८ देखि बेलुका ६ बजेसम्म ।

## श्री भोलेबाबा काष्ठ उद्योग

व्यास-१, भादगाउँ, तनहुँ

हामी कहाँ साल, सिसौ, सल्लो लगायतका प्रजातिका चिरान काठका साथै झ्याल, ढोका, खापा, चौकोस, दराज, टेवल, कुर्ची समेत बनाइन्छ । आधुनिक डिजाइनका विभिन्न डेकुरेशन समेत गरिन्छ ।

## महालक्ष्मी सुनचाँदी पसल

व्यास-२, दमौली, तनहुँ

आधुनिक डिजाइनका विभिन्न गरगहना बनाउनुका साथै सुपथ मुल्यामा उपलब्ध गराइन्छ ।

**प्रो. डोबाटे विश्वाकर्मा/होम रसाइली/देव रसाइली**

**सम्पर्क नं.** ९८५६०६०२४३, ९८५६०६०१०१, ९८४९०५७६०, ९८०६७४१६८०, ९८४६०६२५१७

## मिर्लुङ मेडिकल हल दमौलीमा

**हाम्रा उपलब्ध सेवाहरू :**

१) दैनिक बिरामी जाँच । २) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण । ३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा । ५) ई.सि.जी सेवा । ६) ड्रेसिङ, सुचरिङ र प्लास्टर सेवा । ७) गुणस्तरीय फार्मेसी सेवा ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# महाराष्ट्रका १० मन्त्री र २० प्रदेश सांसदलाई कोरोना संक्रमण

**रासस/एएनआई/महाराष्ट्र**

भारतको महाराष्ट्र प्रदेशका १० मन्त्रीलाई कोरोनाभाइरसको संक्रमण भएको पुष्टि भएको छ । महाराष्ट्रका उपमुख्यमन्त्री अजित पावारले अरू २० प्रदेश सांसदहरूलाई पनि संक्रमण भएको जानकारी दिनुभयो। उहाँले कोरोनाभाइरसको महामारी तीव्ररूपमा फैलिएकाले आम नागरिकस्तरबाट पनि उच्च सतर्कता अपनाइनु पर्नेमा जोड दिनुभयो । सरकारले लागु गरेका नियमहरूको पालना नगर्दा र हेलचेक्र्याई गरेकाले महामारी बढी फैलिइएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "कृपया सरकारको आग्रहलाई पालना गरिदिनु होला, आफ्नै पनि सतर्कता अपनाउनु होला, नत्र अवस्था भयावह हुनसक्छ ।" महामारी नियन्त्रणका लागि अपनाउनु पर्ने नयाँ उपायका बारेमा छलफल गर्न सरोकारवाला तथा विज्ञको बैठक बोलाइएको र उनीहरूसँग पटकपटक परामर्श भइरहेको जानकारी पनि उहाँले दिनुभयो । भारतको महाराष्ट्र प्रदेश कोरोनाभाइरसबाट सबैभन्दा बढी प्रभावित प्रदेश हो। अहिले ओमिक्रोनका संक्रमित पनि सबैभन्दा धेरै महाराष्ट्रमै देखिएका छन् ।

# देशका निम्ति काम ..........

गोरखालाई एकीकृत गरी ठूलो सहर बनाउनेतर्फ छलफल भएको उल्लेख गर्दै भने, "तीनवटै जिल्लाको एकीकृत विकासका लागि सरकारको ध्यानाकर्षण गराउँछु ।" अध्यक्ष नेपालले समाजवादको बाटोमा अगाडि बढेर देशलाई समृद्धिको दिशामा हिँडाउने संकल्प लिएको बताए । न्याय, समानता, विकास र समृद्धिको बाटोमा अगाडि बढेर सबैले सम्मान गर्ने वातावरण सिर्जना गर्ने वातावरण बनाउने बताउँदै उनले भने, "गरिबी, अभाव, पछौटेपन अन्त्य, बेरोजगारी अन्त्य, कृषिको विकास, किसानको जीवनस्तर सुधारेर देशलाई अगाडि बढाउने संकल्प लिएका छौँ ।"

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले यस क्षेत्रको विकासका लागि बजेट विनियोजन गराउने प्रतिबद्धता व्यक्त गरे । एकीकृत समाजवादीका लागि जनता ठूलो भएकाले जनतालाई शिरमा राखेर काम गर्ने मन्त्री श्रेष्ठले बताए ।


## विशेषज्ञ चिकित्सकहरुद्वारा दैनिक स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

१) **डा. राम कुमार श्रेष्ठ (जनरल फिजिसियन) :** बिहान ७:३० बजेदेखि बिहान ९:३० बजेसम्म
२) **डा. भविष्य श्रेष्ठ (बालरोग विशेषज्ञ) :** बिहान ७ बजेदेखि ९ बजेसम्म/बेलुका ३ बजेदेखि ६ बजेसम्म
३) **डा. विध्या भुषण ताम्राकार (हाडजोर्नी तथा नशा रोग विशेषज्ञ) :** हरेक हप्ताको सोमबार र विहीबार
४) **डा. परिवर्तन बराल (जनरल सर्जन) :** हरेक हप्ताको विहीबार
५) **डा. डोलेन्द्र आचार्य (मेडिसिन कन्सन्टेन्सन) :** प्रत्येक विहीबार
६) **डा. झपिन्द्र पोखेल (हाडजोर्नी तथा नशा रोग विशेषज्ञ) :** प्रत्येक महिनाको तेश्रो शनिबार
७) **डा. देबेश चन्द्र घिमिरे (मानसिकरोग विशेषज्ञ) :** प्रत्येक महिनाको पहिलो शनिबार
८) **डा. रमेश घिमिरे (एनेस्थेसियोलोजिष्ट):** हरेक हप्ताको सोमबार र विहीबार ।

**दैनिक उपलब्ध मेडिकल अफिसरहरु**

♦ डा. इन्द्र कुमार यादव, ♦ डा. बिनिता श्रेष्ठ, ♦ डा. दिपेश श्रेष्ठ

## श्री रत्नहरि मेमोरियल अस्पताल प्रा.लि.

व्यास-४, भोर्लेटारचोक, दमौली, तनहुँ

फोन : ०६५-५६०१०२, ५६१९९४, एम्बुलेन्स : ९८४६६१५२५७

Email : ratnaharihospital@gmail.com

**हाम्रा अन्य सेवाहरू :**

♦ओ.पि.डि. सेवा (विहान ७ देखि ४ बजेसम्म),♦२४सैं घण्टा इमर्जेन्सी सेवा,♦१५ शैया अन्तरङ्ग सेवा,♦डिजिटल एक्स-रे,♦भिडियो एक्स-रे,♦ल्याब परीक्षण,♦ईसीजी सेवा,♦सुरक्षित गर्भपतन सेवा,♦मेजर,♦माइनर तथा इन्टरमिडिएट शल्यक्रिया सेवा,♦फिजियोथेरापीष्ट डा. नवनयन घिमिरेद्वारा दैनिक बिहान ७ देखि ४ बजेसम्म फिजियोथेरापी सेवा,♦फार्मेसी सेवा,♦प्रत्येक बुधबार निःशुल्क खोप सेवा,♦हरेक दिन डा. इन्जिला बतासद्वारा दन्त सेवा,♦एम्बुलेन्स सेवा,♦यसै अस्पतालको हाता भित्र सभ्य मेडिकल सेन्टरमा वैदेशिक रोजगारीमा जानेहरूका लागि स्वास्थ्य परीक्षण सेवा पनि उपलब्ध छ ।


# स्वदेशमै भविष्य ......

मदनपोखराका सुन्दर रानाको खोरमा अहिले उन्नत जातका ५० भन्दाबढी बाख्रा छन् । बोयर तथा उन्नत जातका बाख्राले एक पटकमा दुई ओटा पाठापाठी उत्पादन दिने गरेको उनरू को भनाइ छ। वार्षिक तीन चार लाख आम्दानी गर्नका लागि विदेशी भूमि टेकीरहनुपर्ने बाध्यता हटेको रानाले बताउनुभयो। पछिल्ला वर्ष किसानले नौ दश महिना बाख्रा विक्री गर्दै आएका छन् । किसानको खोरबाट जिउदो खसीबोकालाई प्रतिकिलो रू ५०० मा विक्री हुन्छ। सामान्यतया विक्री अवधिमा खसी ३० देखि ८० किलोसम्म तौल हुने किसानको भनाइ छ ।

बोयर जातका खसीबोका अन्य स्थानीय जातकाभन्दा बढी तौल भएको हुन्छ । उन्नत जातका बाख्रालाई अन्य जातका खसीबोका भन्दा राम्रो मूल्य पाउने भएपछि यहाँका किसान व्यावसायिकरूपमा बाख्रापालनमा आकर्षित भएका छन्। "पहिला परम्परागत खोरमा बाख्रापालन हुँदै आएको थियो । अहिले व्यवस्थित खोर, पोषणयुक्त आहाराको व्यवस्थाले बाख्रा छिटो उत्पादन दिन थालेको छ", रानाले भन्नुभयो । मलेसिया र दुवइमा काम गरी फर्केका राना अहिले स्वदेशमै स्वरोजगार बन्न पाएपछि खुसी रहेको बताउनुभयो ।

पाल्पाको तानसेन-१४, कुसेनीकै रमेश परियार कोरोना संक्रमणको जोखिम बढेपछि बेरोजगार हुनुभयो। भारतमा होटलको जागिर गुमेपछि परियार स्वदेश फर्किनुभयो । गत वर्षको लकडाउनपछि परियार सात आठ महिना कामविहीन हुनुभयो । काम विहीन हुँदा आर्थिकसमेतले सताइरहेको थियो । अहिले फार्ममा १० ओटा बँगुर माउ हुर्किरहेका छन्। दश महिनाको अवधिमा बगुँरबाट पाठापाठी उत्पादन गर्ने तयारी रहेको उनले बताउनुभयो। भारत तथा नेपालमा होटल व्यवसायमा भन्दा बँगुरपालन व्यवसाय राम्रो भएको परियारको दावी छ । रासस


Amar Dip Shrestha
(Proprietor)
Mob. 9856020177

**Dip Enterprises** | **Royal Dip Auto Care**

Aabukhaireni-3, Tanahun
Ph : 065-540576/540482
E-mail : dipenterprises@hotmail.com
royaldip1921@gmail.com

We Deals
BAJAJ MOTORCYCLES | BAJAJ GENUINE parts | SERVO | MRF | amco
Bajaj Service




## बन्दिपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बन्दिपुर, तनहुँ, गण्डकी प्रदेश

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति २०७८/०९/१८*

यस कार्यालयको मिति २०७८/०८/२४ गते लोकवाणी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनसार ठेक्का नं. (BRM/MD/10/2078/79) मा पशुपन्छी औषधि खरिदको लागि आव्हान भई तोकिएको म्याद भित्र पर्न आएका दरभाउ पत्रहरूको मुल्याङ्कन गर्दा तपशिलको शिलबन्दी दरभाउ पत्र दाताको दरभाउ पत्र न्यूनतम् मुल्याङ्कित, सारभुत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ बमोजिम सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | ठेक्का न. | न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही दरभाउ पत्र दाता | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | BRM/MD/10/2078/79 | पशुपती भेटेरीनेरी सप्लायर्स पोखरा लेखनाथ-८ | ६,३६,९७०।- | |

## हार्दिक समवेदना



जन्म
१९८९/१२/१५

**स्व. गणेश प्रताप गुरूङ**

स्वर्गारोहण
२०७८/०९/०७

डुम्रे साकोषका संस्थापक शेयर सदस्य एवं कोषाध्यक्ष **श्री शम्शेर बहादुर गुरूङ**का पुजनीय पिता एवं शिक्षा उपसमिति सदस्य **श्री कमला गुरूङ**का पुजनीय ससुरा बुबा **गणेश प्रताप गुरूङ**को असामयिक निधनले हामीलाई मर्माहत बनाएको छ । आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै हार्दिक समावेदना व्यक्त गर्दछौं ।

**श्री रामकुमार पिया**
**अध्यक्ष एवं**

**डुम्रे बचत तथा ऋण सहकारी संस्था परिवार**

बन्दिपुर-१, डुम्रे बजार तनहुँ ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ पुस १८, आइतबार
January 02, 2022



**डुंगामा रङरोगन :** पोखराको फेवाताल किनार बाराही घाटमा डुंगामा रङ लगाउदै डुंगा व्यवसायी युवक । अंग्रेजी नयाँ वर्षका कारण पोखरामा पर्यटकको आगमन बढेको छ । *तस्विर : राधिका कँडेल/रासस*

# सिद्धस्थान वैद्धिक सनातनको २७औं स्थापना दिवस

**भञ्ज्याङ समाचारदाता/**मिर्लुङ

तनहुँको भानु नगरपालिका–१३ मिर्लुङ ठूलोढुङ्गा स्थित सिद्धस्थान वैदिक सनातन सत्संग समुहले आफ्नो २७औ. स्थापना दिवस मनाएको छ । भानु नगरपालिकाको १३ र १२ तथा व्यास नगरपालिकाको ८ र ९ वडाका वृद्धवृद्धाहरूको सहभागितामा स्थापना दिवस मनाइएको हो ।

सत्संग समुहका अध्यक्ष नेत्र बहादुर अधिकारीको अध्यक्षतामा



आयोजित कार्यक्रममा भानु–१३ की महिला संजाल अध्यक्ष सीता पौडेल, पयास्वाँरा गाउँका अध्यक्ष बिष्णु सिंह गुरूङ, उपाध्यक्ष सुकदेव पौडेल लगायतको उपस्थितमा पुजापाठ भजन कृतन गरिएको थियो । सो अवसरमा सत्संग समुह स्थापना गर्ने अग्रजहरू स्व बाल मुकुन्द पिया, स्व जुठे गुरूङ, स्व हिरा सिंह गुरूङ, स्व देउ बहादुर गुरूङ लगायतको स्मरण गरिएको थियो। यस्तै, संस्थालाई सहयोग गर्नुहुने माहानुभावहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

# तनहुँका पर्यटकीय .......

समुदायको खानाको परिकार राखिएको थियो । महोत्सवले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा सघाउने बन्दिपुर पर्यटन विकास समितिका सचिव वसन्त पौडेलले विश्वास व्यक्त गरे । उनले भने, 'सडक खाना महोत्सव बन्दिपुरको एउटा ब्राण्ड हो । हरेक वर्ष अंग्रेजी नयाँ वर्षको अवसरमा सडक खाना महोत्सव हुँदै आइरहेको छ । गत वर्ष कोरोना कहरकै बेला पनि सडक खाना महोत्सव गरिएको थियो । अंग्रेजी नयाँ वर्षसँगै नेपाली नयाँ वर्ष र प्रेम दिवसका बेलामा पनि बन्दिपुरमा पर्यटक आकर्षित गर्न विभिन्न कार्यक्रम गर्दै आएका छौं।'

भक्तपुरे शैलीमा बनेका इँट्टाका मौलिक घर बन्दिपुरको आकर्षण हो । निकै पुरानो र ऐतिहासिक बन्दीपुर कोलाहलमुक्त छ । यहाँको भीमसेनको मन्दिर, थानीमाई, खड्गदेवी र तीनधारे प्रसिद्ध छन्। अन्नपूर्ण, धवलागिरि, लमजुङ, मनास्लु, बौद्ध, फिस्टेल हिमालसँगै १९ हिमचुचुरा बन्दीपुरको टुँडिखेलबाट अवलोकन गर्न सकिन्छ । विश्वप्रसिद्ध चीनको ग्रेटवालको झल्को दिने गरी बनाइएको मुकुन्देश्वरी पर्खालले पनि आन्तरिक र बाह्य पर्यटकलाई लोभ्याउँछ । बन्दिपुर साहसिक पर्यटक लक्षित साइकल लेनसमेत बनाइएको छ। केबुलकार निर्माणको चरणमा रहेको छ । पर्यटकको बसाइ लम्ब्याउन बन्दिपुर क्षेत्रमा विभिन्न पूर्वाधार थप भइरहेको छ।

यस्तै, गुरूङ समुदायको संस्कृति र होमस्टेको आतिथ्यतासंग रमाउनका लागि भानु नगरपालिका–१३ स्थित टुटेपानी सामुदायिक होमस्टेमा पनि आन्तरिक पर्यटकहरू पुगेका छन्। गण्डकी प्रदेशकै नमुना होमस्टेका रूपमा बिकास भएको टुटेपानीमा गुरूङ समुदायको पराम्परागत संस्कार, संस्कृति तथा स्थानीय उत्पादनको खानाका परिकारका कारण पाहुँनाहरू लोभिने गर्दछन्। यो होमस्टे प्रकृतिसंग रमाउनेका लागि पनि उत्कृष्ट गन्तव्य भएको होमस्टेका अध्यक्ष क्या. होमबहादुर गुरूङले बताए। उनले भने, 'कोरोना कहरका कारण बन्द भएको होमस्टे गत मंसिर १४ गतेबाट संचालनमा ल्याएका छौं। पहिलेजस्तो पाहुँनाको आगमन त छैन तर विस्तारै संख्या बढदै गएको छ । हामी स्वास्थ्य सुरक्षाका मापदण्ड अप्नाएर पाहुँनालाई स्वागत् गर्ने गरेका छौं।'

होमस्टे संचालन नहुँदा गाउँका युवाहरू काठमाडौं गएर कोदोको केक, मिठाई लगायतका स्वादिष्ट खानाका परिकार बनाउने तालिम लिएको बताउँदै अध्यक्ष गुरूङले भने, 'अहिले गाउँकै उत्पादन कोदो, फापर, मकै लगायतको केक, मिठाईहरू हामीले घरमै बनाउन थालेका छौं । यहाँ आउने पाहुँनालाई गाउँकै उत्पादन खुवाउने र कोसेलीका रूपमा पनि बिक्री बितरण गर्ने गरेका छौं ।' १६ घरमा संचालन गरिएको होमस्टेमा करिव ६० जना पाहुँना राख्ने क्षमता छ ।

यस्तै, चाडपर्व भित्रिएसंगै थोरै मात्रमा चलायमान भएको पर्यटकीय गतिविति अंग्रेजी नयाँ वर्षको अगमनले थप गति लिने बन्दिपुर पर्यटन विकास समितिका पुर्वअध्यक्ष वैंश गुरूङले बताए । उनले भने, 'लगभग सबै नागरिकहरू खोपको दायरामा आईसकेका छन्, अब बिस्तारै पर्यटकीय क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ । यसले पर्यटन व्यवसाय क्षेत्रलाई उत्साहित बनाएको छ ।'


- जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
- सावधानीपूर्वक सवारी साधन चलाऔँ ।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔँ ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौँ ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौँ

**आफू पनि बचौं, अरूलाई पनि बचाऔँ ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## facebook twitter



**मनुशी**
twitter.com/mannusii
टह टह आगंनमा देखिएको जुन
निलो आकाश, चिसो बतास
कोठाको दायाँ भएको झ्याल खोल्छु
केही हावाका झोक्का मेरो शरीरमा छोएर जान्छ्न
टिक टिक घडीको आवाज कानमा एक तमस् अनौठो आभास गुन्जिन्छ !!



**काब्या**
https://twitter.com/caabya
बोल्ने शब्द र गरिने व्यवाहार नै मान्छेको पहिचान हो हजुर अनुहार र औकात त कतिबेला बदलिन्छ थाहाँ नै हुँदैन ।



**सुस्मा**
twitter.com/sushmasum11
अलिकति दोष समयको पनि हो मनका मनहरूसङ्ग आएर जोडिनु किन त्यो पनि अबेर त्यो पनि त्यो मन जुंन मन हाम्रो वरपर हुनका लागी मात्रै हुंन्छ उनिहरू सङ्ग ठोक्किनु किन।दोष सृष्टिको पनि हो सिर्जनाको पनि हो यसरी आवाद छोड्न हुंन्दैन्थ्यो अभिलाषाहरू गतिशिल हुनु हुंदैन्थ्यो कत्ती पनि



**जीवन दर्शन**
twitter.com/KcJivan1
एक वर्ष चिहानको नजिक पुगेका हौं, बस यही हो नयाँ कुरा, अरु कुरा सधैं उही पूरानै नै हो। हाम्रो यो पृथ्वीमा रहने समय अब १ वर्षले घटेको छ। यति सत्य कुरा निरन्तर क्षणक्षणमा मनन गरिएमा कैयन समस्याहरु आफै समाधान हुनेछ।जीवन निरन्तर यात्रा हो- गर्भबाट चिहानसम्मको।

# ल्होसार कपको उपाधी पल्टन एफसी चितवनले चित्यो

**भञ्ज्याङ समाचारदाता/**दुलेगौंडा

तनहुँको शुक्लागण्डकीमा आयोजित दोस्रो ल्होसार कप २०७८ सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधि पल्टन एफसी चितवनले जितेको छ । शनिबार भएको फाइनल खेलमा आयोजक भ्याली युथ क्बललाई पेनाल्टी सुटआउटमा ३–२ को गोल अन्तरले रूपैयाँसहित कप मेडल र प्रमाण पत्र पाएको छ ।

उपविजेतामा सिमित बनेको आयोजक भ्यालीले ३३ हजार ३३३ रूपैयाँमा चित्त बुझाएको छ । प्रतियोगितामा भ्यालीका श्यामकाजी परियार उत्कृष्ट खेलाडी घोषित भए । त्यस्तै भ्यालीकै अंकित थापा मगर सर्वाधिक गोलकर्ता बने । उनले प्रतियोगिता अवधिभर



पराजित गरी पल्टनले उपाधि हात पारेको हो । निकै प्रतिष्पर्धात्मक भएको खेलको पहिलो हाफमा गोल गर्दै पल्टनले शुरूवाती अग्रता बनाएको थियो । तर, दोस्रो हाफको अन्तिम समयमा थप गरिएको इन्जुरी टाइममा पाएको फ्रि किकमा उत्कृष्ट गोल गर्दै भ्यालीले खेल बराबरीमा ल्याएको थियो ।

क्याप्टेन सुवास शाही ठकुरीले उपलब्ध गराएको पासलाई वान टच गर्दै श्यामकाजी परियारले गोल गरेका थिए । निर्धारित समयमा दुवैतर्फबाट १–१ गोलको बराबरी भएपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो । जसमा पल्टनले बाजी मारेको हो । उपाधि विजेता पल्टनले नगद ५५ हजार ५५५ ४ गोल गरेका थिए । प्रतियोगितामा पल्टनका कृष्ण गुरूङ उत्कृष्ट गोलकिपर ठहरिए । उनीहरूले जनही १ हजार पाँच सय रूपैयाँसहित ट्रफि र प्रमाणपत्र हात पारे ।

विजेता समुह र उत्कृष्ट खेलाडीहरूलाई नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पुर्व आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरूङले पुरस्कार वितरण गरेका थिए । सो अवसरमा गुरूङले खेल र खेलाडी राष्ट्रको पहिचान र शान भएको बताउँदै आफ्ना बच्चाहरूलाई पढ्न मात्र नभनेर खेलमा समेत सहभागी गराउनु पर्ने बताए । प्रतियोगितामा २९ समुहको सहभागीता रहेको थियो।


घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं


**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४